# नरहरिनाथ गाउँपालिका
# स्थानीय राजपत्र

खण्ड-१ कालीकोट, चैत २५ गते २०७४ साल (अंक १)
नरहरिनाथ गाउँपालिकाको गाउँसभाबाट पास २०७४/१२/०५
प्रमाणित गराउने २०७४/१२/१९ प्रकाशन २०७४/१२/२५

## भाग-१
## नरहरिनाथ गाउँपालिका
## कुमालगाउँ, कालीकोट
## कर्णाली प्रदेश

नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम नरहरिनाथ गाउँपालिका गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको "**शिक्षा ऐन**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना** : प्रारम्भिक बालविकास केन्द्र, अनौपचारीक शिक्षा तथा आधारभूत तह र माध्यमिक तहसम्मको शिक्षा सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम नरहरिनाथ गाउँपालिकाको कार्यालय, गाउँसभाको मिति २०७५/१२/०५ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११, उपदफा २ (ज) को गाउँसभाको निर्णय अनुसार यो ऐन बनाइएको छ । यो शिक्षा ऐन राज पत्रमा प्रकाशित भएको मितिबाट लागु हुने छ ।

# नरहरिनाथ गाउँपालिकाको शिक्षा ऐन, २०७४

**प्रस्तावनाः** प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस गाउँपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक संस्था वा निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा सिपको अवसर प्रदान गर्न वाञ्छनीय भएकोले,
“नेपालको संविधान २०७२ को धारा २२०, अनुसूची ८ को सूची नं.८ “तथा “स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- एक
## प्रारम्भिक

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यो ऐनको नाम “गाउँपालिका शिक्षा ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन नरहरिनाथ गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) “गाउँपालिका” भन्नाले नरहरिनाथ गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) “गाउँ सभा” भन्नाले गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ङ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिकअपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ ।

(च) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवैशिक्षा सम्झनु पर्छ ।

(छ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्राविधिक, व्यावसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ज) "सामुदायिक विद्यालय" भन्नाले संघीय सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(झ) "संस्थागत विद्यालय" भन्नाले संघीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(ञ) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापकलाई सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(ट) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ठ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ड) "स्वीकृती" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई संघीय सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ण) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(त) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी

रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(द) "प्रारम्भिक बालशिक्षा" भन्नाले पाँच वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

## परिच्छेद- दुई

**३ शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृति, समायोजन तथा नियमन,**

**३.१.माध्यमिक शिक्षाको प्रकारः**

माध्यमिक शिक्षा देहाय बमोजिमको  हुनेछ :-

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

३.२. शिक्षाको माध्यमः

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली र अंग्रेजी दुबै भाषामा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :-

(क) आधारभूत (कक्षा १–५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ,,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

**४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :**

(क) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**५. विद्यालयको वर्गीकरणः**

विद्यालयलाई तल तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय –शैक्षिक गुठी बिद्यालय

**६. विद्यालय संचालन गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित गाउँ शिक्षा समितिसमक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँ शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा आधारभूत तह र माध्यमिक तहका अनुमति प्रमुख प्रशासकीय अधिकृतले दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्तबन्देज पालना गरेको देखिएमा आधारभूत तह र माध्यमिक तहको स्वीकृति गाउँशिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले प्रदानगर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिसमक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा गाउँशिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा विद्यालय सञ्चालन गर्न आधारभूत तह र माध्यमिक तहको गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतले पुनः अनुमति तथा स्वीकृती दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

**७. यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए ता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः–**

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भएकम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा आधारभूत तह र माध्यमिक तहको हकमा गाउँ शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन्।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्ने अनुमति वा स्वीकृति दिइने छैन।

(११) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ।

**७**. गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ।

**८. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:**

गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछन्।

**९. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने:**

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्ने वा विद्यालय बन्द गर्ने वा

तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थपघट गरी सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृत उपस्थित नभएको अवस्थामा सम्बन्धित सेवा क्षेत्रको शिक्षा अधिकृतले वा श्रोत व्यक्तिले अनुमति वा स्वीकृतिको लागि परिपत्र गर्न सक्नेछ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा वि व्य स ले वडा शिक्षा समितिको सिफारीसमा गाउँ शिक्षा समिति मार्फत् गाउँपालिकामा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जाति विशेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा ५०,००,०००।– (पचासलाख रुपैया मात्र), आधारभूत तहको हकमा ३०,००,०००।- (तिस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

**१०. (क) गाउँशिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष वा निजले काम गर्न तोकेको ब्यक्ति - अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) गाउँकार्यपालिकाले तोकेको शिक्षा हेर्ने शिक्षा विभागको संयोजक - सदस्य

(घ) गाउँ कार्यपालिकाले तोकेको गाउँसभाका सदस्यहरु मध्येबाट एक जना - सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एकजना - सदस्य

(च) समाजसेवी मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित दुईजना- सदस्य

(छ) उच्च तहको सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेका एक जना - सदस्य

(ज) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(झ) गाउँपालिका शिक्षक महाँसंधको अध्यक्ष - सदस्य

(ञ)गाउँपालिकाको शिक्षा अधिकृत वा निजको अनुपस्थितिमा सम्बन्धित श्रोतव्यक्ति - सदस्य सचिव

(२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

(३) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा गाउँकार्यपालिकाले जुनसुकै समयमा पनि हटाउनसक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासीब स्पष्टिकरणको मौकाबाट भने वञ्चित गरिने छैन ।

(४). गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, तह थपघट गर्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(झ) अभिभावक र शिक्षक वीच विवाद भएमा वा अन्य विवाद भएमा त्यसको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने

(ट) शिक्षाको सामाजिक परीक्षण गर्ने एवम् शिक्षाको अनुगमन तथा सुरिवेक्षणको प्रवन्ध गर्ने ।

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

(ण) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने ।

(त) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृति र अनुमतीको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

द) विद्यालयको नाम परिवर्तन गर्ने, नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने ।

ध) शिक्षकहरुको सरुवा, बढुवा र दरबन्दी मिलान गर्ने ।

न) सामुदयिक सिकाइ केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन र अनुगमन गर्ने ।

फ) विद्यालयमा विषयगत दरवन्दी मिलान गर्ने ।

ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ।

भ) शिक्षक तालिमको नीति तर्जुमा गरी लागु गर्ने ।

(म) प्रधानाध्यापकको तहगत व्यावस्था गर्ने ।

(य) गाउँकार्यपालिको शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(र) विद्यालयले आफनो विद्यालयमा रिक्त रहेको दरवन्दीको ७ दिन भित्र जानकारी गराएमा शिक्षकको पदपूर्तिको आवश्यक व्यवस्था मिलाउने ।

(ल) टिउसन कक्षा संचालनको लागि सिफारीस गर्ने ।

(व) विद्यालयको सामाजिक परीक्षणमा आवश्यक परेमा टोली खटाउंने ।

(श) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

(ख) गाउँपालिका स्तरिय शिक्षा संवाद समिति गठन सम्बन्धी व्यवस्था :

क. प्रमुख प्रशासकिय अधिकृत - संयोजक

ख. गाउँ शिक्षा सतिति बाट आधारभुत तथा मा.वि. विद्यालयका प्र.अ. हरुबाट मनोनित ३ जना - सदस्य

ग. गाउँपालिका स्तरको शिक्षक महासंघ को अध्यक्ष पदेन सदस्य

घ. गाउँ शिक्षा समितिले मनोनित गरेका स्थानिय बुद्धिजिवि एक महिला दुई जना - सदस्य

ङ. गाउँपालिका स्तरको वि.नि तथा श्रोत व्याक्ति - सदस्य सचिव

**११. शिक्षा अधिकृतको काम कर्तव्य र अधिकार**

(१) गाउँस्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँकार्यपालिकामा पेश गर्ने

(२) गाउँपालिका तथा गाउँशिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने र गाउँ शिक्षा समितिमा प्रतिवेदन पेश गर्ने ।

(४) गाउँकार्यपालिका, गाउँशिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा संघीय ऐन अनुसार समन्वय गर्ने

(६) गाउँपालिका शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने

(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१२. वडा शिक्षा समितिको गठन, काम, कर्तव्य र अधिकार**

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य

(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य

(घ) माध्यमिक तह रआधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाटवडा शिक्षा समितिले तोकेको दुई जना - सदस्य

(ङ) वडा भित्रका शिक्षा प्रेमीहरु मध्येबाट वडा समितिले मनोनित गरेको दलित, महिला सहित दुई जना - सदस्य

(च) वडा भित्रका शिक्षा प्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना - सदस्य

(छ) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(छ) विद्यालय वा वालविकास केन्द्र गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थपघट गर्न, अनुमति र स्वीकृतीको लागि गाउँशिक्षा समितिमा सिफारिस गर्ने ।

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवस्यक कार्यहरु गर्ने ।

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न आर्थिक श्रोत भएमा अनुमति प्रदान गर्ने ।

(ट) शिक्षक, कर्मचारीको मागफारम र हाजिरी प्रमाणित गर्ने ।

(ठ) वडामा रहेको सामुदायिक सिकाइ केन्द्रको सु-संचालनको जिम्मा लिने ।

(ड) गाउँशिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

**१३. विद्यालय व्यवस्थापन समितिको गठन :**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख निरीक्षण र व्यवस्थापन

गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ र यसको कार्यकाल ३ वर्षको हुने छर वि.व्य.स. अध्यक्ष हुनाको लागि संचालित कक्षा भन्दा माथिल्लो योग्यता वा सो सरह योग्याता उत्तिर्ण हुनुपर्ने छ ।

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुइमहिला सहित तिन जना र गाउँ शिक्षा समितिले मनोनित गरि पठाउको एक जना गरि जम्मा चार जना मध्यबाट एक जना - अध्यक्ष यदि यी चार जनामा विबाद भएमा गाउँ शिक्षा समितिले यी चार जना मध्यबाट मनोनित गरेको व्याक्ति स्वत अध्यक्ष हुनेछ ।

(ख) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य नगदी वा जिन्सी सहयोग गरेका वा जग्गा दान गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना -सदस्य

(ग) वडा शिक्षा समितिले मनोनित गरेको १ ,१ जनादलित र महिला समेत दुई जना – सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफु मध्येबाट छानि पठाएको एक जना – सदस्य

(ङ) सम्बन्धित वडा अध्यक्ष वा निजले तोकेको १ जना – पदेन सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको व्यावस्थापन तथा परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिका लाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने।

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट शिफारिश भएका शिक्षकलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दवन्दीमा खटाइएका शिक्षक, कर्मचारीलाई हाजिर गराई काममा खटाउने ।

(ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने र अभिलेख राखी जानकारी पठाउने । यदि हाजीर नगराएमा त्यस्ता शिक्षक तथा कर्मचारीलाई गाउंपालिकाले अन्य विद्यालयमा काजमा खटाउन सक्ने छ ।

(झ) गाउँशिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँशिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँशिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मूलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने

ड) तोकिए बमोजिम कामकाज नगर्ने शिक्षकलाई विभागीय कारवाही अगाडि बढाउने ।

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

ण) विद्यालयहरुमा विदा वा पठनपाठन एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलनाउने ।

(त) वार्षिक कार्ययोजना निर्माण गर्न सहयोग गर्ने

(थ) विद्यालयको रिक्त दरबन्दीको जानकारी गाउँ शिक्षा समितिमा ७ दिन भित्र गराउने ।

(द) वार्षिक कार्ययोजना निर्माण गर्न सहयोग गर्ने ।

(ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने

**१४. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था**

प्रत्येक विद्यालयमा नौ सदस्यीय एक शिक्षक अभिभावक, संघको गठन हुने छ । यसको कार्यकाल ३ वर्षको रहने छ ।

(१) सामुदायिक विद्यालयमा शिक्षक अभिभावक, तथा विद्यार्थी बीच सहकार्य तथा सामाजिक परीक्षण गरी

सु-व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक शिक्षक अभिभावक तथा विद्यार्थी संघ रहने छ :

(क) विद्यालयका अविभावकहरु मध्येबाट छनौट गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा एक एक जना महिला, दलित सहित तीन जना-सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको एकजना -सदस्य

(घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना - सदस्य

च) बाल क्लव वा विद्यालयले छानेको प्रथम छात्र, प्रथम छात्रा सहित बालक्लव अध्यक्ष सहित दुईजना-सदस्य

छ) एक जना शिक्षक प्रतिनिधि– सदस्य सचिव

(२) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ख) विद्यालयको सामाजिक परीक्षण गर्ने ।

(ग) अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(घ) विद्यालय भर्ना अभियान सञ्चालन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद ३

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारीको दरवन्दी, सेवाशर्त, योग्यता एवं सक्षमताको मापदण्ड

**१५. गाउँशिक्षा समितिले शिक्षकको दरवन्दी निर्धारण गर्ने:**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी सिर्जना गाउँशिक्षा समितिले गर्नेछ ।

(२) गाउँ शिक्षा समितिले शिक्षकको दरवन्दी सिर्जना गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम नियुक्ति भएको शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएको शिक्षकको सेवा सुविधा गाउँपालिका मार्फत भुक्तानी गर्नुपर्नेछ ।

(४) प्रत्येक विद्यालयमा कम्तीमा एक जना महिला शिक्षक हुनु पर्नेछ ।

**१६. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता**

शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**१७. स्थायी अध्यापन अनुमती पत्र लिनु पर्ने :**

अध्यापन अनुमति पत्र नलिई कुनै पनि प्रकारको शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन ।

**१८. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै पेशा वा व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन बर्ष भित्रको औषत शैक्षिक उपलब्धी ५० प्रतिशत भन्दा कम भएमा नसिहत दिने र बढुवा रोक्का गर्ने र सेवा सुविधा घटाईनेछ ।

(ज) गाउँ शिक्षा समितिको सिफारीस विना कोचिङ (टिउसन) कक्षा संचालन गरेमा

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँशिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

**१९. अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :**

(१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

**२०. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :**

दफा १९ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

**२१. स्थायी आवासीय अनुमति लिन नहुने :**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद ४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम र कार्वाही तथा पदबाट हटाईने व्यबस्था ।

**२२ बिद्यालयमा रिक्त दरबन्दीको गाउँपालिले १५ दिनको सुचना गरी विज्ञापन गर्नेछ।**

**२३. शिक्षकको परीक्षा गाउँपालिकाको कार्यलयमा हुनेछ ।**

## २४. शिक्षकको नियुक्ति

(१) विद्यालयमा रिक्त दरवन्दी तथा राहत शिक्षक पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहायवमोजिमको छनौट समितिबाट हुनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत– संयोजक

(ख) सम्बन्धीत वि व्य स को अध्यक्ष वा निजले तोकेको १ जना –सदस्य

(ग) बिषयगत रोष्टर छनौट समितिले तोकेको विषय विज्ञ दुई जना–सदस्य

(घ) गाउँपालिकाको शिक्षा अधिकृत
वा श्रोतव्यक्ति-सदस्य सचिव

तर संघीय र प्रदेश कानुनसित तादात्म्य हुने गरी आवश्यक संशोधन गर्नमा बाधा पुगेको मानिने छैन ।।

२) समितिले सफल उमेदवारको नियुक्तिको लागि गाउं शिक्षा समितिमा सिफारिश गर्ने छ र सो सिफारिश अनुसार प्रमुख प्रशासकीय अधिकृतले करार नियुक्ति दिने छ ।

## २५. प्रधानाध्यापरक सम्बन्धी व्यवस्थाः

(१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुक्नेछ :

क) माध्यमिक तहमा तहगत स्थायी, अस्थायी, राहत, अनुदान तथा स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ। सो नभएमा स्नातक योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापकको नियुक्ति शिक्षा विभागको सिफारिसमा गाउँशिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृत दिने छ ।

ख) आधारभूत तहमा स्थायी, अस्थायी,राहत, अनुदानतथा स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ। सो नभएमा प्रमाण पत्र योग्यता प्राप्त शिक्षक मध्येबाट प्रधानाध्यापक नियुक्ति शिक्षा विभागको सिफारिसमा गाउँशिक्षा समितिको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले दिने छ ।

ग) नियुक्ति हुनु पूर्व पाँच बर्षे विद्यालय सूधारको कार्ययोजना विद्यालय व्यवस्थापन समिति मार्फत गाउँ शिक्षा समिति समक्ष पेस गर्नु पर्ने छ ।

घ) प्रधानाध्यापकको अवधी शुरुमा २ बर्षको हुनेछ । निजको कार्य नतिजा हेरेर पछि अवधि थप गरिने छ ।

ङ) विद्यालयको व्यवस्थापकीय नेतृत्व तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

च) उप दफा क र ख बमोजिमको योग्यता पुगेको प्रधानाध्यापकको नियुक्ति गर्दा शिक्षा अधिकृतको सिफारिस शिक्षा विभागमा अनिवार्य रुपमा पेश हुनुपर्ने छ ।

छ) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाईएमा गाउँशिक्षा समितिले प्र अ पदबाट हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

**२६. शिक्षकको सरुवाः**

(१) सरुवाको लागी गाउँपालिका भित्रका कार्यरत शिक्षकलाई गाउँशिक्षा समितिले आवश्यकता अनुसार रिक्त दरवन्दीमा वा अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाले अर्को गाउँपालिकामा सरुवाको लागि सहमति दिन सक्नेछ र अर्को जिल्ला वा गाउँपालिकाबाट सहमति लिएर आउने शिक्षकलाई गाउँ शिक्षा समितिले गाउँपालिकाको जुन सुकै रिक्त दरवन्दीमा खटाउन सक्ने छ ।

(३) गाउँपालिका शिक्षा समितिले समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षक सरुवा गर्न सक्नेछ । तर दरबन्दी र राहत बीच सरुवा भएको अवस्थामा दरबन्दी वा राहत कोटा हालकै साविक विद्यालयमै रहने छ र शिक्षकको पदमा वा सेवामा कुनै आंच आउन दिइने छैन । तर माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि संघीय तथा प्रदेश कानून सित बाझिने अवस्थामा यस्तो सरुवालाई छोटो अवधिको काज सरुवा समान मानिने छ ।

(४) विशेष अवस्थामा बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।

**२७. दरवन्दी मिलानः**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट

कम दरबन्दी भएको विद्यालयमा गाउं शिक्षा समितिले  तोकिएको प्रकृया पूरा गरी मिलान गर्नु पर्नेछ ।

**२८. शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः**

हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था संघीय सरकारबाट लागु भएको कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ति पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था गाउं शिक्षा समितिको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने छ ।

**२९. तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :**

शिक्षकलाई संघीय सरकारको नीति तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

**३०. शिक्षकलाई अन्य काममा लगाउन नहुने व्यवस्था :**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३१. बार्वाही तथा पदमुक्त गर्न सक्ने व्यावस्था :**

(क) नसियत दिन सकिने

१. विना कारण जानकारी नदिई लगातार वा पटक पटक गरि महिनामा पन्ध्र दिन कार्यलयमा अनुपस्थित भएमा ।

२.प्रचलित कानुन उल्लङ्घन गरेमा ।

३. कार्यलय प्रमुखको मातहतमा नरहेमा ।

४. काम काज प्रति उत्तरदायी नभएमा ।

५. आफ्नो जिम्मा पुरा नगरेमा ।

६. सेवा ग्राहीको गुनासो प्रति वेवास्ता गरेमा ।

७. शिक्षक कर्मचारी  सम्बन्धी बनेका ऐन कानुन बमोजिम काम नगरी ऐन कानुन विपरित काम गरेमा

(ख) पदबाट मुक्त गर्न सक्ने व्यावस्था :

१. कार्यलय प्रमुखको माताहतमा नरहेमा ।

२. कार्यालय सम्बन्धी गोप्य राख्नु पर्ने कागजात कुनै प्रेस, अनाकुल व्याक्ति गैर सरकारी संघ संस्था अन्य व्याक्ति लाई दिएको प्रमाणित भएमा ।

३. कार्यालयमा बारम्बार मदिरा सेवन गरि उपस्थित भएमा ।
४. विना सुचना १५ दिन सम्म कार्यालयमा उपस्थित नभएमा ।
५. सुधार गर्नका लागि बारम्बार लिखित चेतावनि दिदा पनि सुधार नगरि सार्वजानीक सेवा प्रवाहमा असर पर्ने देखिएमा ।
६. कुनै राजनितिक दलको सम्बन्धि सदस्यता लिएको प्रमाणित भएमा ।
७. नैतिक पतन देखिने फौजदारी अभियोग कुनै अदालत बाट प्रमाणित भएमा ।
८. करार कर्मचारीको हकमा करार सम्झौतामा उल्लेख भएका सर्तहरुमा बारम्बार उल्लङ्घन गरेमा ।
९. सेवा ग्राहीको गुनासो बारम्बार वेवास्ता गरेको जनगुनासो आई सो प्रमाणित भएमा ।
१०. बारम्बार लिखित जफाब तथा स्पस्टिकरण माग्दा त्यसको व्यवास्था गरेमा ।

(ग) दफा ३१ को उपदफा क र ख मा जेसुकै कुरा लेखिएको भएता पनि नसियत तथा पद मुक्त गर्नु अगाडि मौखिक तथा लिखित सफाई तथा स्पष्टीकरणको मौका बाट बञ्चित गरिने छैन ।

## परिच्छेद ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

### ३२. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाई व्यवस्था, वातावरण मैत्री हाता, करेशावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय, सिकाई मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

### ३३. विद्यालयको सम्पत्तिः

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृती रद्द गरिएको वा कुनै

विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमाकुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(५) नेपाल सरकारको स्वीकृतीमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृती बिना बेचबिखन गर्न पाइने छैन ।

**३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र संघीय सरकारको रहने छ

**३५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयले संघीय सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ। विद्यालयले संघीय सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ ।

(२) आफ्ना क्षेत्र भित्रका विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र गाउँशिक्षा समितिमा माग गर्नुपर्नेछ ।

(३) गाउँशिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ

(४) आधारभूत तह सम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ केडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछन् ।

६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारीत पाठ्य सामाग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**३६. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन :**

१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्न सक्ने छ

२) विद्यालयले बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, वनभोज कार्यकम, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभा मूखि क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद–६

## सामुदायिक/ संस्थागत (निजी) विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी व्यवस्था

**३७. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति र स्वीकृति लिनु पर्नेछ ।**

**३८. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येकविद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा वडा शिक्षा समिति बाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला, दलित पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(घ) सम्बन्धित क्षेत्रको श्रोतव्यक्ति वा निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँशिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाटबञ्चित गरिने छैन ।

**३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालनगर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले संघीय सरकार गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,,

(ज) अनुशासनहिन शिक्षक उपर कारबाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिका वाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ

**४०.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरि तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, टुहुरा, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, वडा शिक्षा समितिको अध्यक्ष र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समितिरहनेछ ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४१. अनुगमन तथा मूल्याङ्कन :**

सामुदायीक/संस्थागत (निजि) विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वडा शिक्षा समिती र शिक्षा विभाग वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**४२.अनुमति वा स्वीकृति रद्द गर्ने :**

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँ शिक्षा समितिले त्यस्तो विद्यालयलाई प्रदान गरिएकोअनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ।तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद–७

**परीक्षा सञ्चालन तथा गुणस्तर मापन**

**४३. आधारभूत तहकक्षा १–८ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था**

(१) आधारभूत शिक्षाको १–७ को विद्यालय स्तरीय र कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

(२) उपदफा १ बमोजिमको परीक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न देहाय बमोजिमको एक परीक्षा समिति गठन गरिनेछ ।

(क) शिक्षा अधिकृत - संयोजक

(ख) आधारभुत तथा माध्यमिक तहको शिक्षकहरु मध्येबाट गाउँशिक्षा समितिले तोकेको एक जना - सदस्य

ग) शिक्षा शाखाको स्रोतव्यक्ति वा कर्मचारी - सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन भएको परीक्षा समितिको कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**४४. माध्यमिक तह कक्षा ९ को अन्त्यमा हुने परीक्षाको सञ्चालन सम्बन्धि विद्यालयले गर्ने छ ।**

## परिच्छेद–८

**विद्यालयलाई दिईने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन,**

**४५. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**४६. अनुदानको व्यवस्था :**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न

नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४७. लेखा व्यवस्थापन :**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न वेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनु पर्नेछ ।

(३) विद्यालयको सामाजिक लेखा परीक्षण समिति तोकिय बमोजिम हुनेछ ।

(४) प्रत्येक विद्यालयले भाद्र १५ गते भित्र गाउँपालिकामा लेखा परिक्षण गराई सक्नु पर्ने छ ।

**४८. सामुदायिक विद्यालयको खाता संचालन :**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारी वा आधारभुत तहमा वि.व्य.स.अध्यक्षको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

**४९. लेखा परीक्षण तथा सामाजिक परीक्षण :**

(१) प्रत्येक विद्यालयले भाद्र १५ गते भित्र गाउँपालिकामा लेखा परिक्षण गराई सक्नु पर्ने छ । वा गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र वडाशिक्षा समिति र गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक बर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

**५०. छात्रवृतिको व्यवस्था गर्न सक्नेः**

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५१. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थी सँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदातोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ

**५०. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारीत गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै

लिखतपारित गर्दा संघीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९
## स्रोतकेन्द्र सम्बन्धी व्यवस्था

**५२. स्रोतकेन्द्र स्थापना :**

(१) गाउँपालिका क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको निरीक्षण, तथा शैक्षिक सहजीकरणका लागि न्युनतम एउटा स्रोतकेन्द्र रहने छ । तर भौगोलिक अवस्थालाई हेरी २ श्रोत केन्द्र राखिनेछ ।

२) स्रोतकेन्द्रमा माध्यमिक तहको शिक्षक मध्येवाट तोकिए बमोजिम छनोट गरिएको स्रोतव्यक्ति रहनेछ ।

(३) स्रोतकेन्द्र तथा स्रोत व्यक्तिबाट बार्षिक तथा मासिक कार्ययोजना बनाई शिक्षा अधिकृत बाट स्वीकृत भए अनुसार विद्यालयको नियमित अनुगमन, नमुना कक्षा प्रदर्शन, शैक्षणिक सहयोग, नेपाल सरकार तथा गाउँपालिकाको निर्णय, निर्देशन र सूचना प्रवाह तथा कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद १०
## प्राविधिक तथा व्यवसायिक शिक्षा

**५३.** गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिले सम्भाव्यता अध्ययन, गरि विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

## परिच्छेद ११
## विविध

**५४. विद्यालयको विधानः**

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक भेलाबाट पारित गराई लागू गर्नु पर्नेछ ।

(२) अभिभावक भेलाले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विधान अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनु पर्नेछ ।

**५५. गाउँपालिकाले निर्देशन दिन सक्ने:**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ

**५६. विद्यालयलाईशान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई शान्ति क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**५७. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन, हेला वा दुर्व्यवहार गर्न पाइने छैन ।

**५८. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन :**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५९. प्रगति विवरण बुझाउनु पर्ने :**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।

**६०. शिक्षा विकास कोषः-**

१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना गर्नेछ ।

२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) कोषको सञ्चालन गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँशिक्षा समितिले मनोनित गरेको स्थानीय शिक्षाविद तथा शिक्षा अधिकृत रहेको समितिबाट हुनेछ ।

**६१. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवार पूर्ण कार्यगरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**६२. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**६३. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँशिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

**६४. संक्रमणकालीन व्यवस्था :**

(१) यस ऐनले तोकिए वमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ शिक्षा समितिले दिन सक्नेछ ।

**६५. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँकार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**६६. बचाउ र लागु नहुने:**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरुलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून वमोजिम दण्ड, सजाय र कारवाही गर्न वाधा पर्ने छैन ।

आज्ञाले
धर्मेन्द्र शाह
निमित प्रमुख प्रशासकीय अधिकृत
नरहरिनाथ गाउँपालिकाको कार्यालय
कुमालगाउँ कालीकोट

मुद्रित मूल्य रू.१५।-